# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## मन्त्री माननीय श्रद्धा श्रेष्ठको
कार्यकाल (मिति २०८२।८।२६ देखि २०८२।१२।०८ सम्म) को
## प्रगति प्रतिवेदन

नेपालमा मिति २०८२ साल भाद्र २३ र २४ मा भएको ऐतिहासिक जेन–जी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारमा २०८२।०८।२८ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको रूपमा शपथ ग्रहण गरी मेरो कार्यकाल शुरू भएको हो। उक्त दिनदेखि आजसम्मको छोटो करिब १०० दिनको अवधिमा नीतिगत, संरचनागत तथा सेवा प्रवाह सुधारका महत्वपूर्ण प्रयासहरू शुरू भएका छन्। यस अवधिमा मन्त्रालयले समावेशी शासन, लैङ्गिक समानता र सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ। ती उपलब्धिहरू विस्तृतमा तल उल्लेख गरिएको छः

### १. नीतिगत सुधार र संस्थागत सुदृढीकरणः

क. यस अवधिमा मन्त्रालयले नीति निर्माण र सुधारलाई उच्च प्राथमिकता दिएको छ। मानव वेचविखन विरुद्धको राष्ट्रिय नीति, २०८२ स्वीकृत भै कार्यान्वयनमा आएको छ ।

ख. लैङ्गिक समानता र उत्तरदायित्व सुनिश्चित गर्न **राष्ट्रिय लैङ्गिक लेखापरीक्षण कार्यविधि, २०८२,** अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका परियोजनाको साधारण तथा परियोजना सम्झौता गर्ने कार्यलाई व्यवस्थित गर्न **परियोजना सहजीकरण कार्यविधि, २०८२**, आगामी आर्थिक वर्ष २०८३।८४ देखि तीनै तहका सरकारले तर्जुमा गर्ने बजेटमा बालबालिकाको लागि गरिने लगानीलाई कोडिङ गरी बजेट निर्माण गर्न **बालबालिका उत्तरदायी बजेट सङ्केत सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ तथा महिला उद्यमी समुन्नति पुरस्कार कार्यविधि, २०८२** स्वीकृत भएको छ।

ग. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) को प्रभावकारी कार्यान्वयनको लागि नेपालले CEDAW समितिमा पेश गरेको सातौं आवधिक प्रतिवेदन माथि सो समितिवाट प्राप्त निश्कर्ष टिप्पणी, सुझाव तथा सिफारिश कार्यान्वयनको लागि **राष्ट्रिय मार्गचित्र**को मस्यौदा स्वीकृत भएको छ। यस रोडम्यापले सो महासन्धिका १६ वटा विषयगत धाराहरू अन्तर्गत रहेका ८२ सिफारिसमध्ये अधिकाश सुझाव तथा सिफारिशलाई ठोस र समयसीमा सहितका कार्यहरूमा रूपान्तरण गर्नेछ।

घ. लैङ्गिक हिंसा सम्बोधन गर्नको लागि **लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना** तथा **मर्यादित महिनावारी सम्बन्धी निर्देशिकाको** मस्यौदा तयार भएको छ।

ङ. **मानव बेचबिखन तथा ओसारप्रसार (नियन्त्रण) (दोस्रो संशोधन) नियमावली, २०८२** को मस्यौदा तथा **राष्ट्रिय बालबालिका नीति २०८० कार्यान्वयन कार्ययोजनाको मस्यौदा** तयार भएको छ।

**२. सामाजिक सेवा प्रवाह र लक्षित उपलब्धिहरू:**

- मन्त्रालयले सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रमहरू पनि सञ्चालन गरेको छ। नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार नुवाकोटमा बाल सुधार गृह स्थापना गरी १८ वर्ष भन्दा माथि उमेर भएका बालविज्याँईकर्ताहरूको व्यवस्थापन गरिएको छ। भक्तपुर जिल्लामा निजामती कर्मचारीहरूका शिशुहरूको लागि दिवा शिशु स्याहार केन्द्र स्थापना गर्ने निर्णय भएको छ। यस अवधिमा दुर्गम भेगका ज्यान जोखिममा रहेका १९ जना गर्भवती तथा सुत्केरी महिलाको हेलिकप्टरबाट उद्धार गरिएको छ।
- पाँचौं राष्ट्रिय जेष्ठ नागरिक दिवस २०८२ का अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सञ्चालित **हट लाईन सेवा ११११५** लाई ज्येष्ठ नागरिकको स्वास्थ्य, सूचना एवं जानकारीमुलक सन्देश/सेवा प्रदान गर्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समन्वय गर्दै सो हटलाईन सेवामा ज्येष्ठ नागरिक सम्बन्धी विषय थप गरी हटलाईन सेवा सञ्चालनमा ल्याइएको छ।
- स्थानीय तहहरुबाट जारी हुँदै आएको अपाङ्गता परिचय पत्र र ज्येष्ठ नागरिक परिचयपत्रको डिजाइनमा एकरुपता कायम गर्न ७५३ वटै स्थानीय तहहरुलाई अनुरोध गरिएको छ।
- मन्त्रालयलाई अपाङ्गता भएका व्यक्तिको विविधता सम्वोधन गर्ने गरी शुरुवाती चरणमा दृष्टिविहीन व्यक्तिको पहुँच सुनिश्चित गर्न पहिलो पटक ब्रेल एम्बोस गरिएको बोर्ड तथा भिजिटिङ कार्ड प्रयोगमा ल्याइएको छ।
- समाज कल्याण परिषदको कामकारवाहीलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी बनाउन **"डिजिटल सेवा प्रवाह प्रणाली"** शुभारम्भ गरिएको छ। समाज कल्याण परिषदमा रिक्त कोषाध्यक्ष १ जना तथा ५ जना सदस्य पदमा सामाजिक विकासको क्षेत्रमा विज्ञता भएका व्यक्तिहरुलाई नियुक्त गरिएको छ।समाज कल्याण परिषद् अन्तर्गतका सरकारी जग्गा तथा संरचनाको उपयोग, लिज प्रक्रिया र व्यवस्थापनमा लिज रकम लामो समयदेखि नतिरी बक्यौता रहेका, बढी क्षेत्रफल ओगटेका तथा अतिक्रमण गरेका तथा नवीकरण नभएका र अन्य समस्या समाधान गर्न आवश्यक समन्वय गरिएको छ। लिज दर समयसापेक्ष तथा न्यायोचित बनाउनको लागि अध्ययन गरी यथार्थपरक एवं न्यायोचित लिज दर निर्धारण गर्ने कार्य भएको छ ।

- नेपाल रेडक्रस सोसाइटीको संशोधित विधान बमोजिम २०८३ असार मसान्तसम्म नयाँ कार्यसमिति गठन गर्ने कार्य सम्पन्न गर्ने गरी तदर्थ समितिलाई जिम्मेवारी प्रदान गरिएको छ । सो को लागि नेपाल राजपत्रमा बाधा अड्काउ फुकाउने आदेश जारी गरिएको सूचना प्रकाशन गरिएको छ ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कामकाजलाई डिजिटल, पारदर्शी, छिटो र प्रभावकारी बनाउनका लागि एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को शुरुवात गरिएको छ।

## ३. अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता र कुटनीतिक भेटघाटः

### क. अन्तर्राष्ट्रिय सहभागिताः

मिति २०८२ फागुन २५ देखि चैत्र ५ (मार्च ९-१९, २०२६) सम्म न्यूयोर्कमा आयोजना भएको संयुक्त राष्ट्र संघको Commission on the Status of Women (CSW) को ७०औं सत्रमा नेपालको प्रतिनिधित्व गर्दै उच्चस्तरीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो । उक्त कार्यक्रममा National Statement पेश गर्दै राष्ट्रको तर्फबाट लैङ्गिक समानता, न्याय र महिला सशक्तीकरणका सम्बन्धमा नेपालले गरेका प्रयास, प्राप्त उपलब्धिहरु, समस्या तथा चुनौतिहरुलाई समाबेश गरी सम्बोधन र Ministerial Round Table मा सम्मेलनको Priority Theme मा केन्द्रित रहँदै नेपालको तर्फबाट धारणा राखिएको थियो। यस लगायत अन्य विभिन्न सरकारहरु, CEDAW Committee, UNICEF, UN Women तथा अन्य निकायद्वारा आयोजित विभिन्न Side Events मा नेपालको प्रतिनिधित्व गर्दै बालविवाह अन्त्य, लैङ्गिक हिंसा अन्त्य, यौन तथा प्रजनन स्वास्थ्य, अधिकार तथा न्याय, किशोरीहरु माथिको लगानी आदि विभिन्न विषयमा नेपालको धारणा पेश गरी नेपालको भूमिकालाई थप सशक्त बनाउने प्रतिवद्धता पनि जनाइएको छ ।

### ख. नेपालमा भएका कुटनीतिक भेटघाटः

- मिति २०८२/०९/०७ गतेका दिन नेपालका लागि संयुक्त राज्य अमेरिकाका तत्कालीन राजदूत महामहिम डिन आर. थम्पसनसँग शिष्टाचार भेटवार्ताका क्रममा नेपालको मानव बेचबिखन विरुद्ध १० वर्षे राष्ट्रिय कार्ययोजना तथा टीआईपी (TIP) प्रतिवेदन बारे छलफल गर्दै Tier 2 Watch List को दर्जाबाट नेपाललाई हटाउनका लागि भईरहेका प्रगतिका प्रयासहरुबारे जानकारी दिदै Watch List बाट हटाउन विशेष अनुरोध गरिएको छ त्यसैगरी राजदुतको तर्फबाट सो का लागि पैरवी गर्न सहयोग गर्ने आश्वासनका साथै मानव बेचबिखन (TIP) विरुद्धको कार्यका लागि तथ्यांक संकलन र तथ्यांकको एकरूपता सुनिश्चित गर्न साझा

प्लेटफर्मका रूपमा मन्त्रालयले विकास गरेको सामाजिक सूचना व्यवस्थापन प्रणाली (SIMS)लाई थप सुदृढ बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त भएको थियो ।

- European Union का महामहिम राजदुत तथा अन्य पधाधिकारीसँग देशको समग्र राजनीति, सामाजिक विकास, महिला सशक्तीकरण लगायत अन्य आपसी चासोका विषयहरुमा छलफल भएको थियो ।
- Chinese Embassy का उच्चपदस्त प्रतिनिधिहरुसँग Chinese New Year को पूर्वसन्ध्यामा शिष्टाचार भेट तथा नयाँ वर्षको उपलक्ष्यमा नेपाली र चिनिया महिला फुटबल टोलीबीच मैत्रीपुर्ण खेलमा प्रमुख अतिथिको रुपमा सहभागिता जनाइएको थियो।
- भारतीय राजदुतावासका प्रतिनिधिहरुसँग ग्रामीण विकास तथा बाल सुधार गृहहरुको व्यवस्थापनका लागि भेटघाट तथा पहल भएको थियो।
- UN Women, UNICEF, लगायत विकास साझेदार संस्थाका प्रतिनिधिहरुसँग भएको निरन्तर भेटघाटले जेनजी आन्दोलन पश्चातको समयमा नेपालको सामाजिक आर्थिक विकासको क्षेत्रमा अग्रसर भएर काम गर्न छलफल भएको थियो।

## ४. निर्वाचन केन्द्रित समन्वय तथा सहभागिता अभिवृद्धिः

- निर्वाचनलाई समावेशी बनाउन र उम्मेदवारी तथा मतदातामा महिला सहभागिता बढाउन मन्त्रालयले निर्वाचन आयोग, राजनीतिक दल, विकास साझेदार तथा मिडियाहरुसँग निरन्तर समन्वय बैठक तथा भेटघाट गरेको थियो ।
- फाल्गुन २१ को प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको सुरक्षित, सम्मानजनक र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न मन्त्रालयले नीति, समन्वय र सचेतना अभिवृद्धि सम्बन्धी कार्यहरू अघि बढाएको थियो ।
- प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुन प्रेरित गर्न नेपाली, नेवारी ,मैथली, भोजपुरी, राई गरेर जम्मा १० वटा विभिन्न राष्ट्रिय भाषामा PSA (Public Service Announcements) निर्माण गरेर मन्त्रालयको सामाजिक सञ्जाल तथा सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजन लगायत अन्य सञ्चार माध्यममार्फत प्रसारण गरिएको थियो।
- नेपालका दुर्गम क्षेत्रमा बसोबास गर्ने र विभिन्न मातृभाषा बोल्ने महिलाहरूलाई उहाँहरुकै मातृभाषामा निर्वाचनबारे जानकारीमुलक सूचना प्रदान गर्न र प्रतिनिधि सभा निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गर्ने प्रेरणा प्रदान गर्न विशेष जनचेतनामुलक अभियानका रुपमा विभिन्न स्थानीय मातृभाषाहरूमा रेडियो सन्देशहरू सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) को

सहकार्यमा ACORAB सङ्ग आवद्ध भएका सम्पुर्ण ३८६ वटा रेडियोहरुबाट देशभर प्रसारण गरिएको थियो।

## ५. सेवा/सहायता सामग्री वितरणः

- राष्ट्रिय अपाङ्ग कोष सहायक सामग्री उत्पादन तथा वितरण कार्यक्रम अन्तर्गत दोश्रो त्रैमासिक सम्ममा १८५ जना अपाङ्गता भएका व्यक्तिहरुको लागि २४२ थान सहायक सामग्री उत्पादन तथा वितरण गर्ने कार्य सम्पन्न भएको छ।
- वेवारिसे, संरक्षक विहिन पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई आवसीय पुनर्स्थापना सेवा प्रदान गरिएको छ।
- राष्ट्रिय महिला सशक्तीकरण परियोजना अन्तर्गत दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका १९ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार भएको छ।
- बाल विवाह, दाइजो, तिलक प्रथा लगायत कुरीति पहिचान र प्रतिनिधित्वको लागि परम्परागत लैंगिक भूमिकामा रुपान्तरण र रुढीगत धारणामा परिवर्तन गर्दै महिलाको समुदायिक/राजनैतिक नेतृत्वमा सक्रिय सहभागिता प्रवर्धन गर्ने उदेश्यले नेपाल टेलिभिजनसँग सचेतनामुलक सामग्री PSA निर्माण तथा प्रसारणको लागि सम्झौता भएर हरेक दिन बिहान ७ बजेको समाचारभन्दा अगाडि प्रसारण हुने गरेको छ।

## ६. अन्य कार्यक्रमहरु सञ्चालनः

- ग्रामीण महिला, आदिवासी जनजाति महिला र अपाङ्गता भएका महिलाको हक अधिकार सम्बन्धी कार्यक्रम कोशी प्रदेशको विराटनगरमा सम्पन्न गरिएको छ ।
- मानव बेचबिखन नियन्त्रण क्रस बोर्डर (अन्तरदेशीय) परामर्श बैठक विराटनगरमा मन्त्रालय र माइती नेपालको सहकार्यमा आयोजना गरिएको छ।
- बालविवाह अन्त्यको रणनीति २०८२ को सम्बन्धमा सरोकारवालामाझ जानकारीमूलक कार्यक्रम सम्पन्न गरिएको छ।
- राष्ट्रिय लैङ्गिक परीक्षण कार्यविधि २०८२ स्वीकृत भईसकेपछी सरकारका सङ्घीय कार्यालयहरुमा Gender Audit को लागि National Audit Manual बारे जानकारी तथा सचेतीकरण गराइएको छ।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा SEDP कार्यक्रममा सहभागी वरिष्ठ सहसचिवहरुलाई Protection from Sexual Exploitation, Abuse, and Harassment सम्बन्धी कार्यशाला अन्तर्गत कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार तथा Criminalized sexual harassment and abuse in all settings विषयमा २ दिने आवासीय कार्यशाला आयोजना गरिएको छ।

- राष्ट्रिय ज्येष्ठ नागरिक दिवस २०८२ को सन्दर्भमा उपत्यकाका ३ वटा सामुदायिक विद्यालयहरु ज्ञानोदय मा.वि, कलंकी, काठमाडौं, श्री कृष्ण मा. वि, धापाखेल, ललितपुर र सिद्धि स्मृति प्रतिष्ठान, भक्तपुर मा बुढ्यौली शिक्षा तथा स्वास्थ्य सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ। साथै सोही अवसरमा उपत्यकाका नगरपालिकाका महिला तथा बालबालिका शाखा लगायतका विषयगत शाखाका कर्मचारी जेष्ठ नागरिक एवं सरोकारवालाहरू बीच अन्तरक्रिया छलफल कार्यक्रम सम्पन्न गरिएको छ।
- मानव बेचबिखन विरुद्धको अध्ययन अनुसन्धान प्रतिवेदन मन्त्रालयको वेवसाइटमा सार्वजनिक गरिएको छ। मानव बेचबिखन पीडित/प्रभावितसँग प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह सम्बन्धी अविभावकहरुलाई तालिम तथा गण्डकी प्रदेशका स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरुसँग छलफल कार्यक्रम पोखरामा सम्पन्न गरिएको छ।
- मानव बेचबिखनको जोखिममा रहेका समूहहरूको लागि अभिमुखीकरण कार्यक्रम भैरहवामा सम्पन्न भएको छ।
- माइतीघर मण्डलामा करिब २ महिना अनसन बस्नुभएकी जाजरकोट जिल्ला जुनिचाँदे गाउँपालिका–९ की गर्भवती महिलालाई हाल सुर्खेत जिल्लामा रहेको सेफहाउसमा स्वास्थ्य लगायत अन्य आवश्यक सुविधा सहित सुरक्षित बस्ने व्यवस्था गरिएको छ ।
- जेन-जी आन्दोलनमा घाईते तथा प्रभावितहरुसँग निरन्तर छलफल भेटघाट तथा आगामी बर्षको नीति तथा कार्यक्रम र बजेटमा सशक्तीकरणका कार्यक्रममा समेट्ने गरी प्रतिबद्धता गरिएको छ।

## ७. अनुगमन तथा मूल्याङ्कनः

- पशुपति वृद्धाश्रम, बाल सुधार गृहहरु नुवाकोट, पोखरा, विराटनगर लगायतको अनुगमन तथा बालबिज्याईकर्ताहरूसँग अन्तरक्रिया गरिएको छ।
- प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत सञ्चालन हुने महिला उद्यमी/महिला उद्यमी समूहलाई उपलब्ध गराइने प्रविधि सहयोग कार्यक्रम अन्तर्गत बागमती प्रदेशको अनुगमन गरिएको छ।
- समाज कल्याण केन्द्र (पशुपति) वृद्धाश्रमको अनुगमन गरी स्वास्थ्यकर्मीको कमी र एम्बुलेन्सको अभाव पहिचान भएको तथा आगामी बजेटमा सम्बोधन गर्ने प्रतिबद्धता गरिएको छ।

## ८. तथ्याङ्क प्रणाली सुदृढीकरणः

मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित ७६ जिल्लाको Database बनाइएको छ । Database मा अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको प्रदेशगत तथा स्थानीय तहगत disaggregated तथ्याङ्क प्राप्त भएको र आगामी दिनमा नयाँ सरकारलाई अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिक लक्षित नीतिगत निर्णय गर्नको लागि विशेष सहयोग पुऱ्याउने छ।

## ९. मन्त्रालयको कूल बजेट र खर्च प्रतिशतः

- चालु आर्थिक वर्षमा मन्त्रालयको कूल बजेट २ अर्ब ८ करोड ९ लाख रहेकोमा पुँजीगत ७४ करोड ७९ लाख चालु ७७ करोड ९८ लाख रहेकोमा प्रदेशमा वित्तीय हस्तातरण भई गएको रकम ८७१ लाख र स्थानीयमा ४६६१ लाख रहेको छ।
- मन्त्रालयको कुल खर्च गर्नुपर्ने बजेट १ अर्ब ५२ करोड ७७ लाख २ हजार रहेकोमा आज सम्मको खर्चमा चालुमा २८.९३% र पुँजीगतमा २७.९६% रहेको र कुल आज सम्मको खर्च कुल प्रगति २८.४६% रहेको छ।

## १०. समस्या र चुनौतीः

- मन्त्रालयको कार्यक्षेत्र बृहत रहेको तर वित्तीय तथा संरचनागत क्षमता र श्रोत साधन न्यून रहेको ।
- मन्त्रालयको समग्र सुधारमा अन्य सरोकारवाला मन्त्रालयको सहयोग लिन कठिनाई भएको ।
- सङ्घीयता कार्यान्वयन पश्चात महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकका मुद्दाहरुलाई तहगत र निकायगत रुपमा समन्वय गरी मन्त्रालयको पुनर्संरचना गर्दा छुटेका क्षेत्रहरुको सम्बोधन गर्नुपर्ने अवस्था रहेको।
- सडक बालबालिकाका सवाल, देश भरिका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार स्थापना, बाल सुधार गृहहरुको प्रभावकारी व्यवस्थापन तथा ज्येष्ठ नागरिकका ज्ञान, सीप, पुँजीको प्रयोग तथा अन्तर-पुस्तान्तरणको कमी रहेको।
- मन्त्रालयको कार्यक्षेत्रका विषयमा दीर्घकालीन सुधारका लागि कानूनी सुधार गर्न लामो प्रक्रिया र समय लाग्ने समस्या रहेको।
- पशुपति वृद्धाश्रमको प्रभावकारी व्यवस्थापन, नेपाल बाल संगठनको व्यवस्थापन सुधार लगायतका विषयमा दीर्घकालीन नीति तथा निकायगत समन्वय कायम गर्नुपर्ने आवश्यकता रहेको ।

## ११. आगामी दिनका लागि सुझावः

- मन्त्रालय र अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरी चुस्त एवं कार्यमूलक संरचना तयार गर्ने ।
- बृहद कार्यक्षेत्र भएकोले सोही बमोजिम मन्त्रालयलाई श्रोत साधन सम्पन्न बनाउने ।
- मन्त्रालयले लक्षित समूहका लागि एकीकृत सेवा प्रणाली लागु गर्ने ।
- सङ्घीयताको मर्म बमोजिम महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यकका सबालहरु सम्बोधन गर्न तीन तहको सरकारबिच प्रभावकारी समन्वय गर्ने ।
- बालसुधार गृहहरुको व्यवस्थापन प्रभावकारी बनाउन गृह मन्त्रालय मातहत लैजाने वा अन्य विकल्पहरूमा जाने विषयमा सरोकारवालाबिच छलफल गरी टुङ्गो लगाउने।
- अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिमका दायित्वका क्षेत्रमा मन्त्रालयले नीतिगत समन्वयमा केन्द्रित हुने ।
- समाज कल्याण परिषद, राष्ट्रिय बाल अधिकार परिषद, पशुपति वृद्धाश्रमको सञ्चालनमा निकायगत समन्वय कायम हुने गरी व्यवस्थापन गर्ने ।
- मन्त्रालयको सेवा प्रवाहलाई थप सहज, पहुँचयोग्य तथा प्रविधिमैत्री बनाउने ।
- संघीय संरचनाअनुसार नीति, कानून, योजना, प्रतिवेदन, तथ्याङ्क र समन्वय प्रणाली सुदृढीकरण गर्ने ।
- नेपाल बाल संगठनको संरचनागत सुधार गरी मन्त्रालय मातहतबाट सञ्चालन गरी सुशासन कायम गर्ने।

## १२. समग्र बुझाई तथा अनुभूतिः

मेरो कार्यकाल छोटो भए पनि यो १०० दिन मेरो लागि अत्यन्त बृहद र सिकाईले भरिपुर्ण रह्यो। नेपाल पर्यटन बोर्डमा रहेर पर्यटन विकास तथा दिगो पर्यटन मार्फत महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लैंगिक अल्पसंख्यक समुदायहरुको सशक्तीकरणको लागि काम मैले गरेकै हो र उहाँहरुको मुद्दा, समस्या, आवश्यकता नबुझेको भन्ने होइन तर यस मन्त्रालयमा आएर उहाँहरुको मुद्दा, समस्या तथा अधिकारका विषयहरु अत्यन्त सुक्ष्म तरिकाले अध्ययन गर्ने, बुझ्ने र अनुभव गर्ने अवसर प्राप्त भयो।

साथै यस अवधिमा सामाजिक क्षेत्रका नीतिगत जटिलता, संस्थागत समन्वयको आवश्यकता तथा सेवा प्रवाह सुधारका चुनौतीहरूलाई अझ नजिकबाट बुझ्ने अवसर प्रदान गर्‍यो। मेरो कार्यकालमा मन्त्रालयले छोटो अवधिमा निर्वाचन केन्द्रित रहँदै विभिन्न नीतिगत सुधार, संस्थागत सुदृढीकरण र प्रत्यक्ष सेवा सुधारका महत्वपूर्ण पहलहरू अघि बढाएको छ।

आगामी दिनमा यी पहलहरूलाई निरन्तरता तथा थप सुदृढ गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार संरक्षण र सशक्तीकरणलाई अझ प्रभावकारी रूपमा अघि बढाउन नयाँ मन्त्रीज्यू तथा मन्त्रालय प्रतिबद्ध रहनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु। साथै यस मन्त्रालयका उपलब्धिहरू भौतिक रूपमा मात्र नभई अनुभूतिमा आधारित सामाजिक परिवर्तनसँग सम्बन्धित भएकाले मिडिया, नागरिक समाज र सरोकारवाला सबैबाट सहकार्य तथा निरन्तर सहयोगको लागि हार्दिक अनुरोध गर्दछु।

मैले माथि उल्लेख गरेका सबै उपलब्धिहरू तथा नीतिगत र प्रणालीगत सुधारका कामहरु सङ्घ, प्रदेश र स्थानीय सरकार, मन्त्रालय र अन्तर्गतका निकायहरू, कर्मचारी साथीहरु, अभियन्ता तथा अधिकारकर्मी साथीहरु, विकास साझेदार र सञ्चारकर्मीहरू सबैको साथ, सहयोग र सक्रिय भूमिकाले गरेर मात्र सम्भव भएको हो। यसका लागि म यहाँहरु सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

मन्त्रालयका सचिवद्वय राधिका अर्याल र लक्ष्मी कुमारी बस्नेत, सहसचिवहरु आभा श्रेष्ठ कर्ण, चक्र बहादुर बुढा, र संगिता ओझा, तथा शाखा प्रमुख लगायत सबै कर्मचारीहरु प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु। मन्त्रालयमा उपसचिव विजय कुमार शर्मा र गेमस्काउट नरेश ज्ञवालीले सचिवालयमा कर्मचारीका तर्फबाट र सचिवालयमा प्रसुज मैनाली, सुनिल पाठक, राहान पौडेल, आकृति तिमल्सिना प्रति म कृतज्ञ छु।

सम्माननीय प्रधानमन्त्रीले मुलुक कठिन परिस्थितिमा रहेको बेला मलाई विश्वास गरी महिला, बालबालिका ताथ ज्येष्ठ नागरिक मन्त्रालयको महत्त्वपूर्ण जिम्मेवारी सुम्पिनु भएकोमा म उहाँप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

अन्त्यमा, फेरी पनि जेनजी आन्दोलनमा वीरगति प्राप्त सम्पूर्ण अमर सहिदप्रति सम्झना र सम्मान व्यक्त गर्दै आगामी दिनमा पनि पारदर्शिता र जवाफदेहितासहित महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको हक—अधिकार, सशक्तीकरण, आत्मनिर्भरता तथा लैङ्गिक हिंसा, मानव बेचबिखन र विभेद न्यूनीकरण लगायतका विषय अत्यन्त गहन अध्ययन गरी समतामुलक समाज निर्माणमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा निरन्तर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय परिवारको थप प्रगति एवं उन्नतिको विशेष कामना गर्दछु। धन्यबाद ।